# रामजानकी सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, ढोढरी, बर्दिया

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०४/१५ गते शुक्रबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ५९९९ मिति २०८३/०३/३० गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समयभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

तपसिलः

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/13/11-a01-01-2083/04/15-p | समूहको घाटगद्धीमा | १ देखि ११ सम्म | १ | कर्मा | A | १ | १४.०५ | ४०० | ५६२०.० | १४१८९६.० | |
| | | | २ | कर्मा | B | ५ | ४४.६३ | ३०० | १३३८९.० | | |
| | | | ३ | कर्मा | C | ८ | ३०.२९ | १०० | ३०२९.० | | |
| | | | ४ | जामुन | B | २ | २२.२४ | ३०० | ६६७२.० | | |
| | | | ५ | जामुन | C | १ | ४.७३ | १०० | ४७३.० | | |
| | | | ६ | अस्ना | A | ३ | ५७.२ | ४०० | २२८८०.० | | |
| | | | ७ | अस्ना | B | २ | २२.४१ | ३०० | ६७२३.० | | |
| | | | ८ | अस्ना | C | १ | १०.१ | १०० | १०१०.० | | |
| | | | ९ | साल | A | १ | ५९.५५ | १२५० | ७४४३७.५ | | |
| | | | १० | साल | B | १८ | २११.९६ | ९०० | १९०७६४.० | | |
| | | | ११ | साल | C | १०६ | ६३८.०९ | ६०० | ३८२८५४.० | | |
| | | | १२ | साल | D | २० | ३२.४९ | ३०० | ९७४७.० | | |
| जम्मा | | | | | | १६८ | ११४७.७४ | | ७१७५९८.५ | १४१८९६.० | |
| BA/13/11-a01-02-2083/04/15-p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५'को) ८.०० चट्टा | | | | | | १२००० | ९६०००.० | ७१४००.० | |
| | | अन्य जातको दाउरा (२०'x५'x५'को) ०.५० चट्टा | | | | | | ४००० | २०००.० | | |
| जम्मा | | | | | | | | | ८१५५९८.५ | २१३२९६.० | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०५/०४ गते बिहिबार  ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०५/०५ गते शुक्रबार ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०५/०८ सोमबार ख) समयः मध्यान्ह १:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०४/१५ गते शुक्रबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००१०१००५००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढ्‌ढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगढ्‌ढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

१७) बोलपत्र फारमको तालिकामा तालिका भित्र लेख्नुपर्ने विवरणहरु तालिकाभित्रै लेख्नुपर्ने छ, सो बमोजिम नलेखेको पाईएमा बोपत्रफारम अमान्य हुनेछ।

# धार्मिक सहिष्णुता कायम राख्न विराटनगरमा सद्भाव र्‍याली निकालिने

**विराटनगर/मस-** सुनसरीको देवानगन्ज गाउँपालिका-कप्तानगन्जमा हिन्दु र मुस्लिम समुदायबीच भएको विवादपछि उत्पन्न पछिल्लो परिस्थितिलाई मध्यनजर गर्दै मोरङमा सर्वपक्षीय सद्भाव बैठक सम्पन्न भएको छ।

प्रमुख जिल्ला अधिकारी युवराज कटेलको आह्वानमा बसेको बैठकले घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ। साथै, विराटनगर महानगरपालिकाका विभिन्न अस्पतालमा उपचाररत घाइतेहरूको प्रभावकारी र शीघ्र उपचारका लागि अस्पताल प्रशासनसँग आवश्यक समन्वय गर्ने निर्णय गरिएको छ।



बैठकले उक्त दुःखद घटनालाई लिएर मोरङ जिल्लामा कुनै पनि किसिमको धार्मिक तथा सामाजिक सद्भाव भड्किन नदिन सबै पक्षले जिम्मेवार भूमिका निर्वाह गर्ने सहमति गरेको छ।

सामाजिक तथा धार्मिक सद्भाव कायम राख्ने उद्देश्यले साउन १५ गते शुक्रबार दिउँसो ३ बजे विराटनगरमा बृहत् सद्भाव र्‍याली आयोजना गर्ने निर्णय पनि बैठकले गरेको छ।

महेन्द्र चोकबाट सुरु हुने र्‍याली ट्राफिक चोक, पञ्चमुखी हनुमान मन्दिर, वडा प्रहरी कार्यालय (क) हुँदै जिल्ला प्रशासन कार्यालय मोरङ अगाडिको डाँफे चोकसम्म पुग्ने कार्यक्रम तय गरिएको छ।

र्‍यालीमा राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा सामाजिक संघसंस्था, व्यवसायी, युवा तथा सर्वसाधारणलाई सहभागी हुन आह्वान गरिएको छ।

बैठकले जिल्लास्थित सबै राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा सामाजिक संस्था, सञ्चारकर्मी, व्यवसायी, युवा तथा आम नागरिकलाई धार्मिक, जातीय वा साम्प्रदायिक भावनामा ठेस पुग्ने, द्वेष फैलाउने तथा हिंसा भड्काउने अभिव्यक्ति नदिन आग्रह गरेको छ। साथै, यस्ता विषयसँग सम्बन्धित भ्रमपूर्ण सामग्री सामाजिक सञ्जालमा पोस्ट वा शेयर नगर्न पनि अपिल गरिएको छ।

मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाका अनुसार शान्ति-सुरक्षा र धार्मिक सद्भावमा खलल पुर्‍याउने कुनै पनि गैरकानुनी गतिविधि भए कानुनअनुसार कारबाही गरिनेछ र त्यसका लागि सबै पक्षले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले सामाजिक सद्भाव बिथोलिने सम्भावित घटना, सूचना वा अवस्था देखिएमा तत्काल प्रहरी तथा प्रशासनलाई जानकारी गराएर समन्वय गर्न सबैसँग आग्रह गरेका छन्।

# प्रमुख निर्वाचन आयुक्तमा कार्की नियुक्त

**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्‌को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र दुई आयुक्त नियुक्त भएका छन्।

राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिअनुसार नेपालको संविधानको धारा २४५को उपधारा (२) बमोजिम संवैधानिक परिषद्‌को सिफारिसमा मोरङका मानबहादुर कार्कीलाई प्रमुख निर्वाचन आयुक्त पदमा नियुक्त गरिएको हो।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिअनुसार ओखलढुंगाका गुरुप्रसाद वाग्ले र काठमाडौंका डा.राजीव सुब्बालाई निर्वाचन आयुक्त पदमा नियुक्त गरिएको छ। यसैबीच प्रधानन्यायाधीश डा.मनोज शर्माले नवनियुक्त प्रमुख निर्वाचन आयुक्त कार्कीलाई पद तथा गोपनीयताको शपथ गराएका छन्। सर्वोच्च अदालतमा आयोजित एक समारोहमा प्रधानन्यायाधीश डा.शर्माले नवनियुक्त प्रमुख निर्वाचन आयुक्त कार्कीलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्। प्रधानन्यायाधीशबाट शपथ लिएपछि प्रमुख निर्वाचन आयुक्त कार्कीले आयुक्तहरू गुरुप्रसाद वाग्ले र डा राजीव सुब्बालाई शपथग्रहण गराएका छन्।



# कल्याणकारी कोषको रकम राष्ट्रिय विकासमा लगानी गर्दै सेना

**काठमाडौं/मस-** नेपाली सेनाले सैनिक कल्याणकारी कोषमा रहेको ठूलो परिमाणको रकमलाई राष्ट्रिय विकासमा योगदान पुग्ने क्षेत्रमा परिचालन गर्ने योजना अघि सारेको छ। पहिलो चरणमा जलविद्युत् तथा सौर्य ऊर्जा क्षेत्रमा लगानी गरेर त्यसको प्रभाव मूल्यांकन गर्ने र सफल भए अन्य विकास आयोजनामा समेत कोषको रकम परिचालन गर्ने तयारी सेनाले जनाएको छ।



रक्षा मन्त्रालयमा आयोजित चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा प्रधानसेनापति अशोकराज सिग्देलले कल्याणकारी कोषलाई राष्ट्रको विकाससँग जोड्ने उद्देश्यले नयाँ अवधारणा अघि सारिएको जानकारी दिए।

उनका अनुसार कोषमा रहेको रकम सुरक्षित रूपमा परिचालन गर्दै एकातिर राष्ट्रिय विकासमा योगदान पुर्‍याउने र अर्कोतर्फ कोषको दीर्घकालीन आम्दानी सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। त्यसका लागि पहिलो चरणमा जलविद्युत् र सौर्य ऊर्जामा लगानी गर्ने तयारी भइरहेको उनले बताए। यो मोडल सफल भए विकास निर्माणका अन्य क्षेत्रमा पनि लगानी विस्तार गरिने उनको भनाइ थियो।

प्रधानसेनापतिका अनुसार सैनिक कल्याणकारी कोषमा हाल करिब ९७ अर्ब रुपैयाँ बराबरको सम्पत्ति रहेको छ। त्यसमध्ये करिब ९१ अर्ब रुपैयाँ विभिन्न बैंक तथा वित्तीय संस्थामा नगद मौज्दातका रूपमा रहेको छ भने करिब ६ अर्ब रुपैयाँ विभिन्न क्षेत्रमा लगानी गरिएको छ। कोषको आम्दानीको ९० प्रतिशतसम्म खर्च गर्न सकिने कानुनी व्यवस्था भए पनि पछिल्लो समय बैंकको ब्याजदर घट्दै जाँदा कल्याणकारी कार्यक्रम सञ्चालनमा आर्थिक चुनौती थपिएको उनले बताए।

हाल सैनिक कल्याणकारी कोषमार्फत करिब १० लाख हिताधिकारीलाई स्वास्थ्य सेवा उपलब्ध गराइँदै आएको छ भने करिब ११ हजार विद्यार्थीले शैक्षिक सुविधा पाइरहेका छन्। कक्षा १२ सम्मका विद्यार्थीका साथै एमबीबीएस, इन्जिनियरिङ र अन्य प्राविधिक तथा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई पनि कोषबाट सहयोग प्रदान भइरहेको उनले जानकारी दिए। कोषको अधिकांश खर्च सैनिक तथा भूतपूर्व सैनिकको हितमा केन्द्रित रहेको पनि उनले स्पष्ट पारे। बैठकमा प्रधानसेनापति सिग्देलले नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन काठमाडौं-तराई/मधेस द्रुतमार्ग आयोजनाबारे पनि जानकारी दिएका थिए। उनले आयोजनामा देखिएका विभिन्न समस्या समाधानका लागि आवश्यक पहल भइरहेको र आगामी वर्ष प्रगति उल्लेखनीय रूपमा सुधार हुने विश्वास व्यक्त गरे।

उनका अनुसार निर्माण कार्यमा ढिलाइ गर्ने ठेकेदारलाई निश्चित समयसीमा दिएर सुधारको अवसर प्रदान गरिनेछ। त्यस अवधिमा पनि सन्तोषजनक प्रगति नभए सम्बन्धित ठेक्का सम्झौता रद्द गरिने नीति अपनाइनेछ। द्रुतमार्ग आयोजना समयमै सम्पन्न गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को तेस्रो संशोधन शीघ्र स्वीकृत हुनुपर्ने तथा बाँकी प्याकेजको निर्माण कार्य तत्काल अघि बढाउनुपर्ने आवश्यकता उनले औंल्याए। विशेषगरी खोकना क्षेत्रमा जग्गा अधिग्रहण र मुआब्जा वितरणमा भएको ढिलाइले आयोजनाको समग्र प्रगतिमा असर परेको उनको भनाइ थियो।

रक्षा मन्त्रालयका अनुसार जग्गा प्राप्ति, रुख कटान, मुआब्जा वितरण, निर्माण व्यवसायीबाट डिजाइन र उपकरण व्यवस्थापनमा भएको ढिलाइ तथा खोकना खण्डमा निर्माण सुरु हुन नसक्दा आयोजना प्रभावित बनेको हो।

प्रधानसेनापतिले सेनाको पुँजीगत बजेट खर्च गर्ने क्षमता पर्याप्त रहेकाले आगामी वर्षहरूमा पर्याप्त बजेट उपलब्ध गराइए अझ प्रभावकारी रूपमा विकास आयोजना अघि बढाउन सकिने बताए। न्यून बजेटका कारण कतिपय रणनीतिक सडक तथा पूर्वाधार आयोजनामा सेनाको जनशक्ति र उपकरणको पूर्ण उपयोग हुन नसकेको भन्दै उनले पर्याप्त बजेट व्यवस्था गर्न सरकारसँग आग्रह गरे।

गत आर्थिक वर्षमा काठमाडौं-तराई/मधेस द्रुतमार्ग आयोजनाले लक्ष्यको तुलनामा ६३ दशमलव ७० प्रतिशत भौतिक तथा ७१ दशमलव ८२ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ। हालसम्म आयोजनाको समग्र भौतिक प्रगति ४८ दशमलव ७२ प्रतिशत र वित्तीय प्रगति ५० दशमलव ६२ प्रतिशत पुगेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा रक्षा मन्त्रालयअन्तर्गत सञ्चालित सातवटा विकास आयोजनाले शतप्रतिशत लक्ष्य हासिल गरेका छन्। खाँदबारी-किमाथांका सडक, कर्णाली करिडोर, बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक, दार्चुला-टिंकर सडक, बंकर टु ब्यारेक कार्यक्रम, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय तथा राष्ट्रिय चुरे संरक्षण कार्यक्रमले निर्धारित लक्ष्यअनुसार शतप्रतिशत प्रगति गरेका हुन्।

गत आर्थिक वर्ष रक्षा मन्त्रालय र मातहतका निकायका लागि चालु तथा पुँजीगत गरी ६६ अर्ब ८८ करोड रुपैयाँ बजेट विनियोजन गरिएकोमा ६३ अर्ब ५४ करोड रुपैयाँ खर्च भएको छ, जुन करिब ९५ प्रतिशत वित्तीय प्रगति हो। पुँजीगततर्फ ७४ दशमलव ६ प्रतिशत र चालुतर्फ ९७ प्रतिशत खर्च भएको मन्त्रालयले जनाएको छ।

यस्तै, सेनाअन्तर्गत सञ्चालित विकास आयोजनाबाट एक हजार १२७ जनाले रोजगारी पाएका छन् भने सेनाका अस्पतालहरूले नौ लाख ७६ हजार २८६ जनालाई स्वास्थ्य सेवा प्रदान गरेका छन्।

आर्थिक वर्ष २०८२/८३ सम्मको कुल १० अर्ब ७० करोड ९४ लाख ९९ हजार रुपैयाँ बेरुजुमध्ये ५४ प्रतिशत फछ्र्योट भएको छ भने हाल चार अर्ब ९४ करोड एक लाख ३० हजार रुपैयाँ बेरुजु बाँकी रहेको मन्त्रालयले जनाएको छ।

# सहरी पूर्वाधार, सौर्य ऊर्जा र वातावरणीय व्यवस्थापनमा सहकार्य

**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले काठमाडौं महानगरपालिकासँग सहकार्य विस्तार गर्दै सहरी पूर्वाधार, सौर्य ऊर्जा र वातावरणीय व्यवस्थापनसँग सम्बन्धित विभिन्न कार्यक्रम संयुक्त रूपमा अघि बढाउने प्रस्ताव गरेका छन्।



मन्त्रालयमा काठमाडौं महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलसँग ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा भएको छलफलमा मन्त्री श्रेष्ठले महानगर क्षेत्रमा भूमिगत पानी पुनर्भरण (ग्राउन्ड वाटर रिचार्ज) प्रणाली, सौर्य सडक बत्तीको विस्तार र व्यवस्थापनका साथै सम्पदा क्षेत्रमा सम्पदा मैत्री विद्युतीकरणको नमुना विकास तथा फोहोर व्यवस्थापनसँगै ऊर्जा उत्पादन गर्ने 'वेस्ट टु इनर्जी' परियोजनामा सहकार्य गर्न प्रस्ताव गरेका हुन्।

मन्त्री श्रेष्ठले ती कार्यक्रमहरू कार्यान्वयनका लागि ऊर्जा मन्त्रालय र काठमाडौं महानगरपालिकाबीच संस्थागत समन्वय आवश्यक रहेको उल्लेख गर्दै संयुक्त प्रयासबाट सहरी सेवा प्रवाहलाई थप प्रभावकारी र दिगो बनाउन सकिने धारणा राखे।

छलफलका क्रममा कार्यवाहक प्रमुख डंगोलले मन्त्री श्रेष्ठको प्रस्तावलाई सकारात्मक रूपमा लिँदै महानगरपालिकाले सम्बन्धित विषयमा आन्तरिक तयारी गरी विस्तृत कार्ययोजनासहित मन्त्रालयमा प्रस्ताव पेश गर्ने बताइन्। छलफलमा काठमाडौं महानगरको दिगो सहरी विकास, स्वच्छ ऊर्जा प्रवर्द्धन, वातावरण संरक्षण तथा आधुनिक पूर्वाधार निर्माणका क्षेत्रमा दुवै निकायबीच सहकार्यलाई संस्थागत रूपमा अघि बढाउने विषयमा सहकार्य गर्ने सहमति भएको छ।

# शिव शिखरका बचतकर्तालाई रकम फिर्ता : थप ५६ जनाले पाए रकम




**काठमाडौं/मस-** समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले शिव शिखर सहकारीका साना बचतकर्ताको बचत फिर्ता गरेको छ। समितिका अनुसार शिव शिखर सहकारीका ५६ जना पीडितले बचत फिर्ता पाएका हुन्। हालसम्म सो सहकारीका करिब एक हजार ४०० जना बचतकर्ताले रकम फिर्ता पाएका छन्।


पहिलो चरणमा थोरै बचत रकम भएका बचतकर्तालाई रकम फिर्ता गरिएको समितिले जनाएको छ। यसरी नै क्रमशः बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर रकम फिर्ता गरिने छ।

सरकारले समस्याग्रस्त सहकारीको ऋण असुलीबाट प्राप्त भएको रकम नै पीडित बचतकर्तालाई फिर्ता गरिएको स्पष्ट पारेको छ। समस्याग्रस्त सहकारी संस्थाबाट ऋण असुली र सम्पत्ति व्यवस्थापनबाट प्राप्त रकमबाट सम्बन्धित सहकारीका बचतकर्तालाई बचत फिर्ता गर्ने कार्य प्रचलित कानुनी व्यवस्था बमोजिम निरन्तर रूपमा सञ्चालन भइरहेको छ।

# लघुवित्त पीडितसँग वार्ता गर्न समिति गठन

**काठमाडौं/मस-** अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले आन्दोलनरत लघुवित्त पीडितसँग वार्ता गर्न समिति गठन गरेका छन्। बिहीबार मन्त्रिस्तरीय निर्णय गर्दै उनले अर्थ मन्त्रालयका सहसचिव महेश आचार्यको संयोजकत्वमा वार्ता टोली गठन गरेका हुन्।

समितिका सदस्यहरूमा कानुन मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई, गृह मन्त्रालयका सहसचिव सुरेश पन्थी र नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेल रहेका छन्। वार्ता समितिको सदस्य सचिवमा अर्थ मन्त्रालयका उपसचिव बोलराज आचार्य छन्। यसैबीच पहिलो चरणको औपचारिक वार्ता बिहीबार सकिएको छ। टोलीले बिहीबार अर्थ मन्त्रालयमा लघुवित्त पीडितसँग प्रारम्भिक छलफल गरेको हो। बैठकमा लघुवित्त पीडितका तर्फबाट पाँच जना प्रतिनिधि सहभागी भएका थिए। छलफलका क्रममा पीडित पक्षले आफ्ना माग र समस्या सरकारसमक्ष प्रस्तुत गरेको



थियो। वार्ता टोलीका संयोजक महेश आचार्यका अनुसार पहिलो बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ। उनले पीडित पक्षका मागहरू सुनिएको र सरकारका धारणा पनि राखिएको जानकारी दिँदै विषयमा थप विस्तृत छलफलका लागि शुक्रबार पुनः बैठक बस्ने बताए।


## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०।०१।१० मा दर्ता भएको **प्रा.लि. नं. ३११३७४** को **कन्सेप्ट कष्ट्रक्सन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९।१०।२३ मा दर्ता भएको **प्रा.लि. नं. ३०६६३६** को **ग्लोबल इडुअर्न प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कामदार तथा कर्मचारी आवश्यकता सूचना

हामी नेपालकै अग्रणी तयारी पोशाक उत्पादन उद्योग यङ फरेभर प्रा. लि.का लागि मेहनती, दक्ष, जिम्मेवार तथा परिणाममुखी कर्मचारीहरू निम्न पदहरूमा तत्काल आवश्यक भएकाले अनुभवी र योग्य नेपाली नागरिकहरूबाट आवेदन आह्वान गरिएको छ।

| सि.नं. | पद | संख्या |
|---|---|---|
| १ | कटिङ मास्टर (Cutting Master) | २ |
| २ | स्याम्पलिङ टेक्निसियन (Sampling Technician) | २ |
| ३ | प्याटर्न मास्टर (Pattern Master) | २ |
| ४ | स्टिचिङ टेक्निसियन तथा सुपरभाइजर (Stitching Technician and Supervisors) | ४४ |

प्रत्येक पदको कार्यविवरण, योग्यता तथा अनुभवको लागि कम्पनीको वेवसाइट (www.youngforever.com.np) हेर्नुहोला।

**हामीले प्रदान गर्ने सुविधा**
१. आकर्षक तलब तथा सेवा-सुविधा, २. सामाजिक सुरक्षा कोष (SSF) सुविधा, ३. सुरक्षित तथा व्यावसायिक कार्य वातावरण, ४. क्षमता विकास तथा करियर वृद्धिको अवसर

**आवेदनका लागि आवश्यक कागजात**
१. आवेदन पत्र, २. अद्यावधिक बायोडाटा (CV), ३. नागरिकताको प्रतिलिपि, ४. शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपि, ५. अनुभव प्रमाणपत्र (भएमा), ६. हालसालै खिचिएको पासपोर्ट साइज फोटो

**आवेदन दिने अन्तिम मिति २०८३।०४।३१**

Human Resources Department
Young Forever Pvt. Ltd.
Nagarjun Municipality, Kathmandu
Email: info@neptwoo.com
सम्पर्क: ९७०५०३८२७१

**योग्य उम्मेदवारहरूलाई मात्र अन्तर्वार्ताका लागि सम्पर्क गरिनेछ।**

## राष्ट्रिय परीक्षा बोर्ड NEB को कक्षा १२ को प्रमाणपत्र हराएको सूचना

कोटेश्वरदेखि बालाजु जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्ड NEB को कक्षा १२ को प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न सर्म्पक नं वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

**नाम : जोसन दाहाल**
**Reg. No. : 783270290340**
**Symbol No. : 22706875**
**उत्तीर्ण वर्ष : २०७९**
**सम्पर्क : 9842583309**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०४/१५ गते शुक्रबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान १६८ को ११४७.७४ घ.फि. काठ र साल/अन्य जातको दाउरा ८.५० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**रामजानकी सा.व.उ.स., मधुवन-४, बर्दिया**

## युएईमा रोजगार

कम्पनी : **NESTO MANAGEMENT OFFICE L.L.C SOLE PROPRIETORSHIP SHJ BR** शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०६/०२ चलानी नं.: ६०२४८७८१ L.T. No.: 327302 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Officer | 62 | 71 | स. काममा दक्ष | 1500 | ६२,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन २२ गते (7 August 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.) गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, नवराज रिजाल: ९७१३२२८७९१

## कुवेतमा रोजगार

कम्पनी: **BLUE BELL LADIES BEAUTY COMPANY** शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०२/१६ चलानी नं.: ६०२३८७४२ LT. No.: 324835 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ७४,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | MANICURE/PEDICURE | 0 | 3 | | 150 | ७४,४२२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन २२ गते (7 August 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut)
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **काबेली ह्युमन रिसोर्स प्रा. लि. (इजाजत पत्र नं. ८०७/०६५/०६६)** मा निम्न कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S.N. | Name | Post | Office Leave Date |
|---|---|---|---|
| 1 | Kusum Upadhaya | Reception | 2078/07/17 |
| 2 | Narendra Kafle | Manager | 2078/11/26 |
| 3 | Rojina Thapa | Accountant | 2083/02/15 |
| 4 | Alina Rai | Documentation | 2082/09/30 |
| 5 | Rina Nagarkoti | Kitchen Helper | 2079/08/11 |
| 6 | Rogina Singh Thakuri | Accountant | 2079/03/29 |
| 7 | Sushan Gautam | Computer Operator | 2080/11/30 |

काबेली ह्युमन रिसोर्स प्रा. लि.
Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं, नेपाल, फोन: ४११३६०७, फ्याक्स: ४११३६०७